मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल
Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २३८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असार ३० गते सोमबार (Monday, July 15. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भा.रु. : ४/–

मंगलवार खण्डग्रास चन्द्रग्रहण : पृष्ठ २



## मेची पुलमा आवागमन अवरुद्ध



❒ पार्थ मण्डल

**भद्रपुर, असार २९।** झापाको भद्रपुरस्थित मेची पुल जोड्ने भारततर्फ बनाइएको अस्थायी ग्राभेल सडक बगाउँदा आवतजावतमा समस्या उत्पन्न भएको छ ।

चार दिनदेखि परेको अविरल वर्षासँगै मेची नदीमा आएको बाढीले गत शुक्रवार बिहान पुल जोड्ने ग्राभेल सडक बगाउँदा तीन दिनदेखि आवतजावतमा समस्या उत्पन्न भएको हो ।

बाढीले भारततर्फको सडक कल्भर्ट बगाउँदा दुई पांग्रे र चार पांग्रे सवारीसाधन अवरुद्ध भएका छन् । सडक अवरुद्ध हुँदा भारतबाट नेपाल आउने र नेपालबाट भारत जाने सवारीसाधन फेरि काँकरभिट्टा नाका भएर गन्तव्यतर्फ जानु परेको छ। मेचीमा आएको बाढीले १०१ नम्बर सीमा पिलरसँगै एसएसबीले दशगजा नजिकै राखेको अस्थायी पोस्ट समेत डुबाएको थियो। मेचीको बाढी सडकमाथिबाटै बग्न थालेको छ। सडकमा पानी जमेपछि शुक्रवार दिनभर आवतजावत ठप्प भएको थियो। शनिबारदेखि पानीको सतह घटेपछि सर्वसाधारण पानी तैँरिदै बाँसे पुलबाट आवतजावत गरिरहेका छन्। नेपाल भित्रिने सरसामान भने ठेला भ्यानमा लोड गरी ल्याउन व्यापारी बाध्य छन् ।

मेची पुल जोड्ने भारततर्फको कालोपत्रे सडक नबन्दा स्थानीयको सुविधाका लागि किशनगञ्ज जिल्ला भादगाउँ ग्राम पञ्चायतले करिब ७ लाख आन्तरिक बजेट निकासा गरी मेची पुल जोड्न एउटा कल्भर्ट निर्माण गरी बालुवा र माटोसहितको सय मिटर ग्राभेल सडक बनाएको थियो। भारतले अस्थायी सडक बनाएपछि त्यो सडकलाई जोड्न भद्रपुर नगरपालिकाले समेत ह्युम पाइप राखेर सय मिटर सडक निर्माण गरेको छ ।

दुवै देशका स्थानीय निकायले वर्षालाई मध्यनजर गरी ग्राभेल सडक बनाएका हुन्। तर, शुक्रवार मेचीमा आएको बाढीले भारतले बनाएको कल्भर्ट बगाउँदा समस्या उत्पन्न भएको हो। बाढीले भद्रपुर नगरपालिकाले बनाएको सडकमा

(बाँकी अन्तिम पृष्ठमा)

# २८ जिल्लाका ३३ हजार प्रभावित

## विपदका घटनामा मानिस नै दोषी : गृहमन्त्री

**मानवीय क्षतिको विवरण**
६३ जनाको मृत्यु ( महिला २४, पुरुष ३९)
३८ जना घाइते ( महिला १७, पुरुष २१)
२४ जना बेपत्ता ( महिला १२, पुरुष १२)
१,४४४ जनाको सकुशल उद्धार
स्रोत : नेपाल प्रहरी (२९ गते साँझसम्म)

**झापा, असार २९।** विगत चार दिनदेखिको वर्षाका कारण मुलुकको २८ जिल्लाका ३३ हजारभन्दा बढी मानिस प्रभावित भएको सरकारले जनाएको छ। विपद्को बेलामा सरकारको सबै संयन्त्र परिचालन गरेर हवाई, जल तथा स्थलमार्गबाट उद्धार तथा सुरक्षित बासस्थानका लागि आवश्यक कार्यलाई तीव्र गति दिइएको सरकारले दावीसमेत गरेको छ ।

प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा वर्षापछि मुलुकका विभिन्न जिल्लामा आएको बाढी, पहिरो र डुबानको अवस्थाबारे जानकारी गराउँदै गृहमन्त्री रामबहादुर थापाले क्षतिबारे जानकारी दिएका थिए ।

प्रधानमन्त्रीले समेत उद्धार र राहतका लागि समन्वयात्मक रुपमा चुस्त भएर लाग्न निर्देशन दिएको स्मरण गर्दै गृहमन्त्री थापाले शनिबार बसेको केन्द्रीय विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकले उद्धार तथा राहतका कार्यलाई थप प्रभावकारी बनाउने निर्णय गरी सबै संयन्त्र परिचालन भएको उल्लेख गरे ।

सांसद राजकिशोर यादवले तराई क्षेत्रमा अहिले पनि कति मानिस डुबानमा रहेको, घरमा अड्किएर बसेको, राहतको पर्खाइमा रहेको र भोकै बसिरहेको जानकारी दिँदै राहत र उद्धारलाई थप प्रभावकारी बनाउन सरकासँग आग्रह गरेका थिए ।

अन्य सांसदहरु दिलेन्द्रप्रसाद बडू, डिला संग्रौला, यशोदा सुवेदी, रेखा शर्मा, प्रेम सुवाल, झपडबहादुर रावललगायतले उद्धार र राहत वितरणको कार्यलाई थप प्रभावकारी बनाउँदै रोगव्याध नियन्त्रणका लागि तत्कालै कदम चाल्न गृहमन्त्रीसँग आग्रह गरे ।

गृहमन्त्रीले विपद्का घटनामा मानिस नै दोषी रहेको उल्लेख गर्दै भने -हामी आफैँ दोषी छौँ, चुरे फाँडिरहेका छौँ, मधेश तराई मरुभूमिमा परिणत हुँदै छन्, खोलामा घर बनाइदिएका छौँ, जथाभावी बाटोघाटो बनाइरहेका छौँ, यसका लागि हाम्रो नीति सच्याउनु जरुरी छ ।

यसैबीच प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिले अविरल वर्षापछि आएको बाढी, पहिरो र डुबानमा परेका व्यक्तिहरुको उद्धार, राहत तथा घाइतेहरुको उपचार प्रभावकारी बनाउन सरकारलाई निर्देशन दिएको छ। बेपत्ता भएकाको खोजी र विस्थापितहरुको उचित आश्रयस्थलको प्रबन्ध मिलाउनसमेत सरकारको ध्यानाकर्षण गराएको समितिका सभापति शशी श्रेष्ठले बताइन् ।

भारतसँगको असमान सम्झौताका कारण पनि कतिपय बस्ती डुबानमा परेको भन्दै त्यसको पुनरवलोकनका लागि कूटनीतिक पहलको जरुरी रहेको सांसदहरुको धारणा थियो। नेपालमा बाढीपहिरो आउँदा त्यसको असर भारतमा समेत पर्ने भएकाले कूटनीतिक प्रयासमार्फत दीर्घकालीन समस्या समाधानमा लाग्नुपर्नेमा सांसदको जोड थियो। बिना प्राविधिक डोजरको प्रयोग गरी प्रकृतिलाई विनाश गरिएकाले विपद्बाट थप क्षति भएको अधिकांश सांसदको भनाइ थियो ।



वृद्धाको उद्धार गर्दै प्रहरी ।

## बेपत्ता बालक मृत फेला

**झापा, असार २९।** शुक्रबार खोलाले बगाएर बेपत्ता भएका नौ वर्षीय बालकको शव फेला परेको छ। जिल्ला प्रहरी कार्यालय पाँचथरका अनुसार पाँचथरको मिक्लाजुङ गाउँपालिका-४ का लोकबहादुर राईका नौ वर्षीय छोरा दिवनको शव आइतवार फेला परेको हो।

मिक्लाजुङ गाउँपालिका-४ रविको होलिचाइल्ड स्कुलमा कक्षा ४ मा अध्ययनरत् राईलाई घरबाट विद्यालय जाने क्रममा बाटोमा रहेको नुवा खोलाले बगाएको थियो। उनको शव बाटोबाट करीब पाँच किलोमिटर तल फेला परेको थियो ।

## *सेल्फी लिँदा लडेका भाइ बचाउन जाँदा...*

***झापा, असार २९।*** *प्रविधिको विकास र प्रयोगले धेरैको ज्यान बचाएको छ भने कतिको ज्यान समेत लिएको छ। विरगन्जमा सेल्फी लिँदा लडेका भाइ बचाउन जाँदा दाजुलाई बाढीले बगाएको छ ।*

*अविरल वर्षाका कारण बाढी र डुबानमा परी पर्सा र बारामा आइतबारसम्म पाँच जनाको मृत्यु भएको छ। विरगञ्जको सिर्सिया नदीमा बाढी हेर्न गएका बेला बाढीले बगाएर शनिबार बिहानदेखि बेपत्ता बालक अनुज पटेल आइतबार बिहान मृत अवस्थामा भेटिएका छन्। भाइ र साथीहरूसँग बजरंग हलस्थित सडकमा सेल्फी लिने क्रममा अनुजका भाइ रोहित चिप्लिएर पानीमा खसेका थिए। भाइलाई बचाउने क्रममा अनुजको टोपी बाढीको भेलमा खसेपछि त्यही टोपी टिप्ने क्रममा अनुजलाई बगाएर बेपत्ता बनाएको थियो ।*

*वीरगञ्ज महानगरपालिका -१८ भवानीपुर घर भई हाल वडा नम्बर १३ तेजारथ टोलमा बस्दै आएका रामनारायण पटेलका १४ वर्षीय छोरा अनुजको शव रामगढवास्थित बजरंग सिनेमा हल नजिकैको खेतमा आइतबार भेटिएको पर्साका प्रहरी उपरीक्षक सोमेन्द्र सिंह राठौरले जानकारी दिए ।*

## च्याउ खाँदा बालकको मृत्यु, ३१ बिरामी

**झापा, असार २९।** जंगलबाट ल्याएको च्याउ पकाएर खाँदा एक बालकको मृत्यु भएको छ भने विभिन्न जिल्लामा ३१ जना सिकिस्त विरामी परेका छन् ।

म्याग्दीमा जङ्गली च्याउ खाएर सिकिस्त बिरामी भएका एक बालकको मृत्यु भएको हो। जिल्लाको मङ्गला गाउँपालिका-१ पूर्णगाउँमा बस्ने जमुना कुँवरका छोरा ऋषि कुँवरको च्याउ खाएर मृत्यु भएको हो।

बनबाट ल्याएको च्याउको तरकारी बनाएर खाएपछि परिवारका ६ जना बिरामी भएका थिए। च्याउ खाने बित्तिकै बान्ता, पखाला र टाउको दुख्न थालेपछि उनीहरुलाई स्वास्थ्यचौकीमा लगिएको थियो। त्यहाँ निको नभएपछि थप उपचारका लागि पोखरा लगिएको अवस्थामा बालक ऋषिको मृत्यु भएको हो ।

उता जङ्गली च्याउ खाँदा बागलुङको पश्चिम ढोरपाटन नगरपालिका वडा नं २ मा सात जना बिरामी परेका छन्। च्याउ खाएपछि बिरामी भएका सातै जना अचेत अवस्थामा रहेको सूचनापछि तत्काल उद्धार गरी बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा लगिएको बताइएको छ।

त्यस्तै जङ्गली च्याउ खाँदा रुकुम पश्चिममा एकै गाउँका १२ बिरामी भएका छन्। जङ्गलबाट ल्याएको च्याउ खाँदा मुसीकोट नगरपालिका-१ चन्दननाथ टोलका १२ जना बिरामी परेका हुन्। त्यसैगरी जङ्गलबाट ल्याएको च्याउ खाँदा जाजरकोटमा सात जना बिरामी परेका छन् ।

यसैबीच चिकित्सकले जङ्गली च्याउ नखान आग्रह गरेका छन्। जङ्गली च्याउ विषालु हुने र त्यसको सेवनबाट ज्यानै जाने भएकाले जङ्गलबाट ल्याएको च्याउ नखान चिकित्सकले सुझाव दिएका हुन्। सधैँ खाइरहेको र चिनेको च्याउसमेत विभिन्न कारणले विषालु हुनसक्ने भएकाले जङ्गली च्याउ नखान सचेत गराइएको छ।

## नेपालको ऐतिहासिक जित

**काठमाडौं, असार २९।** मलेशियाविरुद्धको दुई खेलेको टी-ट्वान्टी अन्तरराष्ट्रिय क्रिकेट शृङ्खलाअन्तर्गत आइतवार भएको दोस्रो खेलमा नेपालले ऐतिहासिक जित हात पारेको छ।

क्वालालम्पुरस्थित किनरारा ओभल क्रिकेट मैदानमा भएको खेलमा नेपालले मलेशियालाई छ रनले पराजित गर्दै २-० को सहज जित हात पारेको हो। शनिवार भएको पहिलो खेलमा नेपालले मलेशियालाई सात विकेटले हराएको थियो। त्यस्तै टी-ट्वान्टी सिरिजमा नेपालको यो ऐतिहासिक 'क्लिन स्विप' हो ।

यसअघि नेपालले टी-ट्वान्टी शृङ्खला 'क्लिन स्विप' गरेको थिएन। आइसिसीबाट टी-ट्वान्टी अन्तरराष्ट्रिय मान्यता प्राप्त गरेपछि नेपाललले पहिलोपटक युइएविरुद्धको शृङ्खला २-१ ले जितेको थियो। टस जितेर पहिले ब्याटिङ गरेको नेपालले मलेशियालाई १७४ रनको लक्ष्य दिएको थियो। जवाफमा मलेशिया निर्धारित २० ओभरमा

(बाँकी अन्तिम पृष्ठमा)

## विद्युतीय संरचना सार्न ५६ लाख

**बिर्तामोड, असार २९।** बिर्तामोड-भद्रपुर सडक खण्ड अहिले पनि निर्माणको चरणमा छ। बिर्तामोडवासीको लामो पर्खाइ पछि पूर्व-पश्चिम राजमार्ग अन्तरगत मुक्ति चोकबाट भद्रपुरसम्मको चार लेनको १४ किलोमिटर सडकखण्ड निर्माण कार्य शुरु गरिएको हो ।

पहिलो चरणमा चार किलोमिटर सडक खण्ड चार लेनको बनाउन थालिएसँगै नेपाल विद्युत प्राधिकरण अनारमनी बितरण केन्द्रले सडक आसपासका विद्युतीय संरचना सार्दै बिर्तामोडको सडक फराकिलो बनाउन सहज बनाएको छ। सडक निर्माणका क्रममा सडक विभागले नेपाल विद्युत प्राधिकरण अनारमनीलाई ५६ लाख रुपैयाँ प्रदान गरेसंगै सडक किनारका विद्युतीय पोल सार्ने काम भएको नेपाल विद्युत प्राधिकरण अनारमनी बितरण केन्द्रका प्रमुख इन्जिनियर जीतेन्द्रकुमार झाले जानकारी दिए ।



(बाँकी अन्तिम पृष्ठमा)

## दुई जनाको मृत्यु

**बिर्तामोड, असार २९।** झापाका छुट्टा-छुट्टै घटनामा परी एक भारतीय नागरिक सहित दुई जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाले दिएको जानकारी अनुसार कनकाई नगरपालिका - ३ स्थित पूर्व-पश्चिम राजमार्गमा मोटरसाइकलको ठक्करबाट आइतवार एक जनाको मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय झापाले दिएको जानकारी अनुसार को१४प ९२७४ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्री कनकाई नगरपालिका-४ निवासी इन्द्रप्रसाद न्यौपानेको मृत्यु भएको हो ।

बाटो पार गर्ने क्रममा ९० वर्षीय बृद्धलाई मोटरसाइकलले ठक्कर दिएको थियो। उनलाई उपचारका लागि वीएण्डसी अस्पताल ल्याउने क्रममा बाटैमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायब उपरीक्षक महेन्द्र श्रेष्ठले जानकारी दिए ।

उता मेचीनगर- १३स्थित चारआलीमा निर्माण भइरहेको एक सपिङ कम्प्लेक्स

(बाँकी अन्तिम पृष्ठमा)


नेपालीहरुको लागि भरपर्दो सेवा
**मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर**
भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।



**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

ADMISSION OPEN
+ 2 IN HOTEL MANAGEMENT WITH TRAVEL & TOURISM
+
Diploma In Hotel Management (July Intake )
Contact
Springdale College For Hotel Management
(SCHM)
Birtamode, Jhapa (In front of Kankai Campus )
Ph:023-546263,9842624438

ADMISSION OPEN
10 DAYS
MAKEUP WORKSHOP
@ BIRTAMODE
From Shrawan 7th - 17th
With Nepal Idol 1st Season Makeup Artist & Senior Faculty Member of Neeldavids.
COURSES OFFERED
✓ SKIN ANALYSIS
✓ PRODUCTS KNOWLEDGE
✓ BASIC MAKEUP
✓ PARTY MAKEUP
✓ FLAWLESS MAKEUP
✓ RAMP MAKEUP
✓ AIRBRUSH MAKEUP
✓ BRIDAL MAKEUP & JUROS
✓ HALLOWN MAKEUP
THEORY & PRACTICAL CLASSES
CERTIFICATES PROVIDED !
Book Your Seat Today !



SANDEEP DANGOL
NEELDAVID'S
INTERNATIONAL SALON & ACADEMY
Hanuman Shopping Center, Birtamode
9814935482

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा
डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा
डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ
दैनिक सेवाहरु:
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स–रे सेवा
नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म। २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा
सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड–१, झापा (०२३–५४४२६०)

NIDI SECONDARY SCHOOL
Indreni Campus
Admission Open +2
Science
Management
& Humanities
Salient Features
– Managed by the established team of academicians.
– Quality education at affordable fee.
– Well equipped modern building with science lab, computer lab and classrooms with CC cameras.
– Accessible Transport services.
– Strict preservation of discipline.
– Science excursion tour.
– Attractive scholarship scheme.
– Industrial Visit to Management students.
– Extra Class
– Excellent result (in +2 & BBS Level)
Entrance Date : For Science Ashar 28 Saturday at 10:00 A.M.
Run & Managed by SCIENCE BLOCK TEAM
For Details : NIDI SECONDARY SCHOOL/ INDRENI CAMPUS
Birtamde-2, Ramchowk, Contact : 023-544412/ 546044/ 9852673088/ 9852689000

## दुई....

भित्र खाल्डामा जमेको पानीमा डुवेर एक मजदुरको मृत्यु भएको छ ।

मृत्यु हुने मजदुर भारतीय नागरिक हुन् । मजदुर हराएपछि खोज्ने क्रममा खाल्डामा डुबेको अवस्थामा देखेपछि प्रहरीलाई खवर गरेको बताइएको छ । मृतकको नाम, थर, बतन खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्र श्रेष्ठले जानकारी दिए ।

## विद्युतीय....

स्मार्ट सिटीको अबधारणा सहित बिर्तामोड- भद्रपुर सडक खण्ड निर्माण भइरहेको र सडक आसपासका विद्युतीय संरचनाहरु सार्ने काम भइरहेको बताइएको छ । सडक विभागसँगको सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरण अनारमनी बितरण केन्द्रले तीन किलोमिटर क्षेत्रफल भित्र एक सय ३० वटा विद्युत पोल सार्न लागिएको हो । सारिएका सबै विद्युत पोल ११ मिटर अग्ला हुने बताइएको छ ।

यसअघि बिर्तामोडमा ९ मिटर अग्ला पोलबाट विद्युत सेवा प्रदान गरिँदै आएको थियो । नयाँ ढंगबाट सडक निर्माण शुरु भएसँगै ११ मिटर अग्ला पोल गाडिएको र एउटै पोलमा हाइटेन्सन, फोरफेस र टुफेसका छुट्टाछुट्टै तार राखेर विद्युत प्रवाह गरिन लागेको हो ।

विद्युत पोल सार्दै सडकलाई फराकिलो बनाउन प्राधिकरणले सहयोग पुऱ्याएसँगै बिर्तामोडलाई स्मार्ट सिटीको अवधारणामा सहयोग पुग्ने बताइएको छ । यसअघि ९ मिटरका पोलमा जथाभावी केवल, टेलिफोन, इन्टरनेटका तार टाँगिदा विर्तामोड आफैंमा कुरुप जस्तै थियो । तर, बिर्तामोड- भद्रपुर सडक खण्ड चार लेनको बनाउन शुरु गरिएसँगै प्राधिकरणले समेत नयाँ ढंगले काम शुरु गरेपछि बिर्तामोडलाई स्मार्ट सिटी बनाउन सहयोग पुग्ने भएको हो ।

६८ हजार ग्राहक संख्या रहेको नेपाल विद्युत प्राधिकरण अनारमनीमा दिनानु दिन विद्युत प्रयोगकर्ताको संख्या बढ्दो रहेको नेपाल विद्युत प्राधिकरणका प्रमुख झाले बताए ।

प्रादेशिक संरचना अनुसार हरेक स्थानीय तहले विकास निर्माणलाई प्राथमिकता दिँदा पहिलो प्राथमिकतामा सडक निर्माण, मर्मत र स्तरोन्नति नै पर्ने गरेको छ । सडक निर्माणका क्रममा विद्युत पहिलो बाधक भएपनि नेपाल विद्युत प्राधिकरण अनारमनी बितरण केन्द्रले सबैसँग समन्वय गर्दै सडक छेउका विद्युतीय संरचना हटाएर विकास निर्माणमा सहयोग पुऱ्याउँदै आएको बताइएको छ ।

## मेची....

भने क्षति पुऱ्याएको छैन । विहारतर्फ जाने कल्भर्ट भत्किएपछि मोटरसाइकल चालकहरु दशगजामै साधन राखेर बंगालको बाटो भएर जान थालेका छन् ।

मेची पुलको पारीपट्टि नदीमा आएको बाढीले कल्भर्टसहित सडकको गिट्टी, बालुवा बगाउँदा आवतजावतमा समस्या उत्पन्न भएको वडा प्रहरी कार्यालय भद्रपुरका प्रहरी निरीक्षक यमकुमार श्रेष्ठले बताए । उनका अनुसार मोटरसाइकल र हलुका सवारीसाधन तीन दिनदेखि अवरुद्ध भएका छन् । 'नदीमा आइतबार पानीको सतह केही घटेको छ- उनले भने- 'पानी परिरहे फेरि समस्या आउन सक्छ' ।

५६० मिटर लम्बाइ र ९.८ मिटर चौडाइको १७ पिलरसहितको मेची पुल ३५ करोड ९५ लाख रुपैयाँको लागतमा ९ वर्षमा बनेको हो । मेची पुलको उद्घाटन प्रधानमन्त्री केपी शर्मा ओलीले गत २०७५ साल माघ १७ गते गरेका थिए । सडक निकास बिनाको पुलको उद्घाटन हुँदा समस्या आएको हो ।

भारततर्फको सडक नबन्दा पुल माथिबाट हलुका चार पांग्रे सवारीसाधान, मोटरसाइकल, अटो, सिटी रिक्सा, साइकल र पैदलयात्री मात्र आवतजावत गरिरहेका थिए । भारततर्फको सडक बनाउन दुवै देशका स्थानीय सरकार, नागरिक, व्यापारीले दवाव दिँदै आइरहेको अवस्थामा सुनवाई नभएकोले मेची पुल पूर्ण रुपमा सञ्चालनमा आउन सकेको छैन ।

## नेपालको....

सात विकेट गुमाएर १६७ रनमा समेटिएको थियो ।

मलेसियाका लागि शैयद अजीजले सर्वाधिक ५० रनको योगदान दिए भने अमीनुद्दीन रामलीले २४ तथा भिरनदीप सिंह २३ रनमा बाहिरिए । त्यसैगरी मुहम्मद रियाहदत २१, अहमेद फैज १७, शफिक शरिफ १० र अरुवर अरुद्दीन सात रनमा बाहिरिए । बलिङतर्फ नेपालका सोमपाल कामी र सन्दीप लामिछानेले दुई/दुई विकेट लिए भने करण केसी, कप्तान पारस खड्का र अविनाश बोहराले एक/एक विकेट झारे ।

त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले २० ओभरमा छ विकेट गुमाएर १७३ रनको योगफल बनाएको थियो । नेपालका लागि विनोद भण्डारीले अविजीत रहँदै ५१ रनको अर्धशतकीय इनिङ्स खेले । यस्तै शरद भेषवाकरले ४०, कप्तान खड्काले २३, रोहितकुमार पौडेलले १९, करण केसीले १६ तथा पवन सर्राफले १० रन जोडे । मलेसियाका मुहमद फिर्टी एक्लैले तीन विकेट लिए । आइसिसी टी-ट्वान्टी विश्वकप एशिया छनोटको तयारीमा रहेको नेपाली क्रिकेट टोली मलेसियाबाट सिधै सिङ्गापुर प्रस्थान गर्नेछ । सन् २०२० मा अष्ट्रेलियामा आयोजना हुने विश्वकप छनोटका रूपमा रहेको एशिया कपको अन्तिम खेल आगामी साउन ६ देखि १२ गतेसम्म सिङ्गापुरमा आयोजना हुँदैछ । प्रतियोगितामा नेपालसहित आयोजक सिङ्गापुर, मलेसिया, कतार र कुवेत भिड्ने छन् । नेपालले पहिलो खेल आगामी साउन ७ गते कतारसँग खेल्नेछ ।


### वितरक आवश्यकता

लक्ष्मीपुरदेखि चारपाने हुँदै शनिश्चरे–मदनपुर–सिस्ने–खुदुनावारी–जुकेखाडी वनसम्म पत्रिका वितरण गर्न एक जना कर्मचारीको आवश्यकता परेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

तलबः ११,०००।– खर्च कटाएर १० देखि १२ हजार बचाउने ।

नोटः आफ्नै मोटरसाइकल भएको हुनुपर्नेछ ।

मो. ९८०१४०४०००, ९८१६६४१५७३

### सटर / घर भाडामा

व्यापारिक प्रयोजनका लागि सटरहरु, अफिस, बैंक, सहकारीहरुकालागि कोठा (फ्ल्याट्)र लजका लागि एटेच बाथरुमसहितका कोठाहरु भद्रपुर रोडको सैनिकमोड स्थित मेची आँखा अस्पताल अगाडि हाइवेसँगै जोडिएको, दृष्टि आँखा अस्पताल छेउमा हालसालै निर्माण सम्पन्न भएको (नयाँ) ३ तले घर भाडामा लिन इच्छुकले तु–सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८४२७१४५६६ /९८०६०८५०३३

### कर्मचारी आवश्यकता

पद : मार्केटिङ मेनेजर

योग्यता : स्नातक तह (कमर्श विषयमा पास गरेको )

पारिश्रमिक : अपासी समझदारीमा तय गरिने छ ।

नोट : १) अनुभवीलाई विशेष प्राथमिकता ।
२) मोटरसाइकलको लाइसेन्स भएको ।

सम्पर्क : वेदनिधि ट्रेडर्स (अन्नपूर्ण चोक)

मो. ९८५२६८२०५० /९८०२५४४३१६

### बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।













### पसल विक्रीमा

बिर्तामोडको शितल मार्केटमा चालू अवस्थाको पूर्व दक्षिण डबल सटर भएको न्यू पाथीभरा भेराइटिज कोल्ड सेन्टर विक्रीमा रहेकोले लिन चाहने इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

मो. ९८४२६३४०८१

### घर भाडामा

भद्रपुररोड (Ncel Center Building) को First Floor मा ३८०० स्क्वायर फिट र Ground Florr मा 600 स्क्वायर फिट क्षेत्रफल भएको घर भाडामा छ ।

सम्पर्क :
मो. ९८५२६७७५०५


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# क्षमतायुक्त युवा आजको आवश्यकता


**आज अंग्रेजी सम्वत् अनुसार सन् २०१९ को जुलाइ १५ । संयुक्त राष्ट्र संघले यस दिनलाई विश्व युवा दक्षता दिवसका रुपमा मनाउने घोषणा गरे अनुरुप प्रत्येक वर्ष यो दिनलाई पर्वका रुपमा मनाइन्छ । युवाहरु नै कुनै पनि परिवार, समाज र राष्ट्रका आशा र भरोसाका आधार भएकाले पनि युवा लक्षित दिवस वा कार्यक्रम महत्वपूर्ण हुन्छ । युवाहरुको सामाजिक, आर्थिक अवस्था सुदृढ गर्ने उद्देश्यले मनाउन थालिएको यो पर्वले विश्वमा बढ्दै गरेको वेरोजगारी अथवा योग्यता अनुसारको काम नपाइने अवस्थालाई समेत सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।**

**युवाहरु वयस्कहरुको तुलनामा बढी वेरोजगार रहेको तथ्यांकले देखाएको छ । जबकि युवाहरुमा श्रम गर्ने क्षमता बढी हुन्छ । अनि पनि युवाहरु कामबाट वञ्चित छन् वा क्षमता अनुसार काम नपाइरहेका छन् । अझ युवतीहरु त वेरोजगार नै बढी छन् । रोजगारी पाएकै भए पनि ज्यालामा असमानता नै छ । चार वर्षअघि प्रकाशित एक तथ्यांक अनुसार विश्वमा सात करोडभन्दा बढी युवा वरोजगार थिए यो संख्या अझै बढेको हुनसक्छ । अन्तर्राष्ट्रिय श्रम संगठन ( आइएलओ)को तथ्यांकले वेरोजारीको प्रतिशत तेह्रभन्दा बढी भएको उल्लेख गरेको छ । यसो हुनुका पछि बजारको आवश्यकता र हासिल गरेको योग्यता वा क्षमताका बीचको अन्तर हुन सक्छ ।**

**वरोजगारी अहिले विश्वव्यापी समस्याका रुपमा देखापरेको छ । यसले विश्वको अर्थतन्त्रमै नकारात्मक प्रभाव पार्दछ । त्यसमा पनि हाम्रो जस्तो देशका लागि त यो जटील समस्याका रुपमा उपस्थित हुनसक्छ । वेरोजगारीकै कारण सामाजिक अपराधहरु पनि बढ्दै गएको विश्लेषाण पनि गरिँदैछ । त्यसैले संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा दक्ष, सीपयुक्त जनशक्ति निर्माण गर्ने दिगो विकासको लक्ष्य निर्धारण गरेको छ । यो लक्ष्य हासिल गर्ने दायित्व उसको मात्र होइन, बरु उक्त लक्ष्य हासिल गर्न प्रत्येक समाज र राष्ट्रले त्यो लक्ष्यलाई आफ्नो ठानेर सामाजिक विकासमा आफै अग्रसर हुनुपर्दछ ।**

**हाम्रो देश संघीयतामा प्रवेश गरिसकेको छ । त्यसैले सबै स्थानीय र स्वायत्त सरकारहरुले आ–आफ्ना भूगोलभित्रका युवाहरुलाई सिप, दक्षता र योग्यता बढाउने योजना ल्याउनु पर्दछ । त्यसका लागि दल, विचार वा वादको संकीर्णता त्याग्नु पर्दछ । प्रधानमन्त्री रोजगार कार्यक्रम युवा लक्षित योजना भनिए पनि त्यसको फलदायी र दीर्घकालीन उपलब्धि हुने देखिएको छैन । कार्यकर्ता भर्ती केन्द्रका रुपमा मात्रै रहेको यस्ता योजनाले सस्तो लोकप्रियता बाहेक केही दिन सक्दैन । तसर्थ, युवालाई रोजगारीका लागि उपयुक्त, योग्य र सक्षम बनाउन सकिँदैन, तबसम्म कुनै पनि योजनाले गति लिन सक्ने छैन । त्यसैले पनि विश्व बजारको आवश्यकता र मागका आधारमा युवाहरुलाई योग्य बनाउनेतर्फ सरकारको गम्भीर पहल हुनुपर्दछ ।**

# अर्ग्यानिक स्वदेशी सागसब्जी उत्पादनमा जोड देऊ



तीर्थराज खरेल

नेपाल सरकारले भारतबाट आयात गरिएका विषादीयुक्त सागसब्जीले नागरिकको स्वास्थ्यमा असर पारेको भन्दै विषादी परीक्षण गर्ने निर्णय गरेको केही समयपछि नै उक्त कदमलाई तयारी पूरा नपुगेको भनी हाललाई स्थगन गरियो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहकार्यमा असार २ गते राजपत्रमा सूचना प्रकाशित गरेर भन्सार नाकामा भारतबाट आएका ट्रकबाट नमूना निकाल्दै विषादी परीक्षण थाले पनि सो कामलाई भारतीय सरकारको अनुरोधमा रोकेपछि त्यसको नागरिक स्तरबाट समेत विरोध भएको छ।

देशका आवश्यक ठाउँमा आवश्यक सुविधासहित आवश्यक संख्यामा क्वारेन्टाइन कार्यालय स्थापना गरिसकेपछि भारतबाट आयात गरिएका सागसब्जीको विषादी परीक्षण गर्ने सरकारको भनाइ रहेको छ। भारतीय राजदूतावासबाट तरकारीमा विषादी परीक्षण नगर्न गरिएको अनुरोधपत्र सम्बन्धमा प्रधानमन्त्री केपी ओली आफूलाई सम्बन्धित मन्त्रालय, सचिव तथा मन्त्रीहरुले जानकारी नदिएको भनी सार्वजनिक रुपमा माफी मागेका छन्। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले आफ्नो धर्म अनुसार विगतमा आफ्ना पालामा गर्न नसकेका र नगरेका सबै काम बिर्सेर वा बिर्सेको भावमा वर्तमान सरकार भारतसामु झुक्ने तथाकथित राष्ट्रवादी भएको आरोप लगाएको छ। 'खाँटी राष्ट्रवादी' चाहिँ नेपाली कांग्रेस आफैलाई प्रमाणित गर्न खोज्दैछ।

भारतको दबाबपछि पूर्वाधार नपुगेको भन्दै सरकारले विषादी परीक्षणको काम स्थगित गरेको भनी सरकारमाथि आम सर्वसाधारणको पनि आरोप छ। सरकारको यो कदमपछि सर्वसाधारण निकै रुष्ट भएका छन्। केहीले यसलाई सरकार नागरिकको स्वास्थ्यप्रति जिम्मेवार नभएको बताएका छन् भने केहीले सरकार भारततर्फ ढल्किएको बताएका छन्। विशेषगरी सामाजिक सञ्जालमा सरकारको व्यापक आलोचना भइरहँदा केही व्यक्तिहरुले भने भारतबाट आयात हुने विषादीयुक्त तरकारीलाई निरुत्साहित गर्दै नेपालकै अर्ग्यानिक तरकारी उत्पादनमा जोड दिएका छन्। वास्तवमा पाँच वर्षभित्रमा खाद्यान्नमा आत्मनिर्भर हुने सरकारको रणनीति हो भने नेपालमा सब्जीखेतीलाई व्यावसायिकीकरण र यान्त्रिकीकरण गर्न आवश्यक छ। सरकारको प्रोत्साहन नभई कृषक अगाडि बढ्न सक्ने गुञ्जायस छैन।

स्वदेशी उत्पादनलाई बढावा दिइरहँदा नेपालमा पनि विषादीयुक्त तरकारी उत्पादन हुने हो भने फरक के भयो ? थोरै उपभोक्तालाई मात्र थाहा छ- बजारको सब्जी प्राणघातक छ भनेर। शहरियाहरुमा आफ्नो करेसाबारी छैन वा हुनेको पनि काम गर्ने जाँगर मर्दै गएको छ र तरकारी खेतीमा व्यावसायिक रुपमा क्रियाशील किसानहरु नै मानव स्वास्थ्यको ख्याल नगरिकन नाफा कमाउने ध्याउन्नमा लागेका छन्। कृषि मन्त्रालय र जिल्ला कृषि कार्यालयले तोकेका विषादीहरु प्रयोग नगरेर विषको मात्रा बढी भएका कीटनाशक औषधिको प्रयोग गर्ने क्रम झापा लगायत मुलुकभरमा ह्वात्तै बढेको छ। सरकारले निर्दिष्ट गरेका औषधिबाहेक अन्य विषादी चोरबाटोबाट आयात भइरहेको यथार्थ घामजत्तिकै छर्लङ्ग छ।

पैसामै संसार देख्ने द्रव्यपिचासी मानसिकताबाट तरकारी कृषकलाई मुक्त गर्न नियमनकारी निकायले अन्य देशबाट आयातित सब्जीमा मात्र होइन, स्वदेशमै उत्पादित सब्जीको पनि परीक्षण आवश्यक छ। प्रयोग गरेपछि पनि २५ दिनभन्दा अगाडि खान नहुने सब्जीलाई किसानहरुले ४-५ दिनमै बजारमा ल्याउने गरेको पाइएको छ। चिल्ला र हेर्दा आकर्षक लाग्ने सागसब्जी बढी खतरनाक हुने अनुसन्धानले देखाएको छ। विषादी प्रयोगबाट निम्तिने धेरै समस्याहरु छन्। विषादीयुक्त सब्जीको प्रयोगबाट क्यान्सर तथा श्वासप्रश्वास सम्बन्धी रोग लाग्ने चिकित्सकको भनाइ छ। विषादीयुक्त तरकारी र फलफूलको उपयोगबाट मानिसहरु विभिन्न रोगका शिकार भइरहेका छन् भने हजारौंले अकालमै ज्यान गुमाउनु परेको छ। किटनाशक औषधि तथा रासायनिक मलको प्रयोग बढी मात्रामा बाली उत्पादन गर्ने लक्ष्यबाट प्रेरित भएर गरिन्छ, तर तिनीहरुको प्रयोगबाट मानव स्वास्थ्यमा कस्तो असर पर्छ भन्ने कसैले सोच्दैन। खाद्यान्न, सागसब्जी, चिया र फलफूलको ठूलो मात्रामा उत्पादन गर्न सकियोस् र बढी नाफा कमाउन सकियोस् भनेर मानव स्वास्थ्यको हेक्का नराखी जथाभावी रुपमा मानव स्वास्थ्यका प्रतिकूल हुने औषधिको अन्धाधुन्द रुपमा बिक्रीवितरण तथा प्रयोग हुँदै रहेकाले सर्वसाधारण उपभोक्ता पनि त्यसको शिकार भइरहेका छन्। नेपालमा अहिले तीन सय ५० मेट्रिक टनभन्दा बढी किटनाशक औषधि आयात हुने गरेको तथ्यांक छ। किसानहरुमा औषधिले पुऱ्याउने क्षति सम्बन्धी ज्ञानको कमी हुनु र चाँडै सम्पत्ति कमाउने ध्याउन्न हुनाले किटनाशक औषधिको प्रयोगमा बढोत्तरी भइरहेको हो। किसानहरुलाई किटनाशक औषधिको प्रयोगबाट मानव स्वास्थ्यमा कस्तो असर पर्छ र तोकिएको मात्राभन्दा बढी प्रयोग गर्दा कति भयावह अवस्था व्यहोर्नुपर्छ भन्ने आवश्यक जानकारी नहुनु पनि मुख्य समस्या हो।

हामीले बढी मात्रामा उत्पादन गर्न मात्र प्रोत्साहन गर्ने होइन, गुणस्तरीय अर्ग्यानिक सागसब्जी पनि उत्पादनमा जोड दिन आवश्यक छ। किटनाशक र प्रतिबन्धित किटनाशक तथा रोनाशक विषादी प्रयोग गरेर उत्पादन बढाउने सर्टकट वे अर्थात् छोटो बाटो लिन पुग्छन्। नेपाली कृषक, जसको परिणाम आजको भयावह अवस्था सृजेको हो। उत्पादन बढाउने ध्याउन्नमा अत्याधिक विषको प्रयोग हुँदै आएको छ। मानिसको स्वास्थ्य र वातावरणीय प्रभावलाई ख्यालै नगरी जथाभावी रासायनिक मलखाद, किटनाशक तथा रोगनाशक औषधिको प्रयोग गरेकै कारण आजको भयावह अवस्था देखिएको हो।

यहीक्रम जारी राख्ने हो भने त्यसरी उत्पादन गरिएका खाद्यान्न तथा सागसब्जी र फलफूलले दीर्घकालीन रुपमा मानवजातिको वंशानुक्रमलाई नै असर पुऱ्याउँछ। कृषि, वातावरण तथा विकासको क्षेत्रमा क्रियाशील संघ-संस्था तथा व्यक्तिका लागि किटनाशक औषधिको बढ्दो प्रयोग चिन्ताको विषय भएको छ। रासायनिक मल तथा किटनाशक औषधिको प्रयोगमा न्यूनीकरण गर्दै विषादीरहित फलफूल, सागसब्जी तथा अन्न उत्पादन गर्ने लक्ष्यका साथ नेपाल तथा अन्य देशहरुका विशेषज्ञहरु लागिरहेका छन्। किटनाशक औषधिका दुष्परिणामहरु व्यहोर्न निकै डरलाग्दो र कष्टपूर्ण हुन्छ मानिसका लागि। यसको परिणाम आगामी पुस्तामा पनि पर्ने निश्चित छ। स्थिति कति डरलाग्दो छ भने नेपाल सरकारद्वारा रेड लेबल लागेका प्रतिबन्धित विषादीहरु मोनोकोटाफोस, टुपोन्ड, कोराजीन, मिराकुलेन स्प्रीड, सुपर किलर, रोगर आदि विषादीहरु अत्यधिक मात्रामा बिक्रीवितरण तथा प्रयोग भइरहेका छन्। यस्ता औषधिहरु प्रयोग गरी उत्पादन गरिएका बन्दाकोबी, फूलकोबी, काँक्रा, टमाटर, सिमी, हरियो सागपात आदि सागसब्जीले मानव स्वास्थ्यमा प्रतिकुल असर पार्ने कृषि विशेषज्ञहरुको भनाइ छ।

**नेपाली कृषक, जसको परिणाम आजको भयावह अवस्था सृजेको हो। उत्पादन बढाउने ध्याउन्नमा अत्यधिक विषको प्रयोग हुँदै आएको छ। मानिसको स्वास्थ्य र वातावरणीय प्रभावलाई ख्यालै नगरी जथाभावी रासायनिक मलखाद, किटनाशक तथा रोगनाशक औषधिको प्रयोग गरेकै कारण आजको भयावह अवस्था देखिएको हो।**



रेड लेबल औषधिहरु प्रतिबन्धित भए पनि भारतबाट लुकीछिपी चोरी बाटोबाट किसानसम्म पुग्ने गरेको पाइएको छ। विषादीको प्रयोगबाट वातावरणीय असन्तुलन र पारिस्थितिक प्रणालीमा गडबडी हुने र किटनाशक औषधि तथा रासायनिक मलखादमा पूर्ण रुपमा निर्भर हुँदै जाँदा समाधानबिनाको भयावह भविष्यतर्फ लम्किरहेका छन् किसानहरु। विदेशी र महंगा किटनाशक औषधिमा भरपर्दा कृषि क्षेत्रको भविष्य अन्धकार हुन्छ र किसानहरु सदैव अरुको मुख ताक्न बाध्य हुनुपर्छ। साँच्चै भन्ने हो भने हामीहरु नाजुक वर्तमान र भयावह भविष्यको मझधारमा उभिएका छौं। वातावरणीय असरको त कुरै नगरौं। रासायनिक मल तथा किटनाशक औषधिको प्रयोगले वायुप्रदुषण, जलप्रदुषण र माटो प्रदुषण गराउँछ। विषादी प्रयोगमा सावधानी नअपनाउँदा माटो, जल तथा वायुप्रदुषण भएर असम्बन्धित मानिसलाई पनि शिकार बनाउँछ यसले।

विषादी भाँडोमा भर्दा, सफा गर्दा, छर्किंदा र औषधि बाहिर फाल्दा प्रदुषण हुने र पानीका स्रोतमा मिसिएर मानव स्वास्थ्यमा प्रत्यक्ष नकारात्मक असर पुग्छ। बलौटे माटोमा पानी लामो समयसम्म सतहमा रहने नसक्ने भएकाले ट्यूबवेल तथा इनारमा सजिलै विष मिसिने गर्छ। दोमट माटो भएका ठाउँमा विषादी जमिनमै रहने र इनारमा वा नदीमा मिसिने हुन्छ। विष वा रसायन जमिनमुनी गए पनि वा जमिनमाथि रहे पनि बेफाइदा नै हुन्छ सबैका लागि। समस्याको गम्भिरता ग्रहण गर्न नसक्नु एउटा समस्या हो, लागेको बानी कसले छोड्ने भन्ने अर्को समस्या हो, चेतनाको कमी अझ डरलाग्दो समस्या हो। समुदायमा चेतनामा कमी भएकाले यस्ता गतिविधिहरु भइरहेकोमा सन्देह छैन। विषादी प्रयोगमा लापरबाही बढ्दै जाने हो भने विकास र निर्माणका जतिसुकै कुरा गरे पनि साँचो अर्थमा मानव सभ्यता अधोगतितिरै गएको मान्नुपर्छ।

थाहा भएर पनि बुझपचाएर वा बिकल्प नभएर विषादीको प्रयोग गर्नुपरेको वा विषादीको प्रयोग गरिएका फलफूल वा तरकारी प्रयोग गर्नुपरेको यथार्थ आम उपभोक्ताको छ। निरीह छन् उपभोक्ताहरु- उनीहरुको पक्षमा राज्य छैन, सरकार छैन, कानून छैन र त उनीहरु निराश छन्। विभिन्न एग्रोभेटबाट विष बेचिने काम जारी छ। समस्या भारतबाट आयातित सागसब्जीमा मात्र होइन, नेपालमा उत्पादन भइरहेका सागसब्जीमा ठूलो छ भनेर बुझेपछि मात्र साँचो अर्थमा विषादीविरुद्धको अभियान सही गोरेटो पक्डन सक्छ। नाफाका लागि जेसुकै पनि गर्ने क्रियाकलाप बन्द हुनैपर्छ। विष प्रयोगको क्रम नरोकिएसम्म मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने क्रम जारी रहनेछ। विषादीले किसानलाई मात्र होइन, सबैलाई दुष्परिणाम दिन्छ, यसको प्रयोगले विक्रेता, सञ्चयकर्ता वा उपभोक्ता सबै रोगका शिकार हुन्छन्।

प्रांगारिक, जैविक तथा प्राकृतिक किटनाशक औषधिको उत्पादनलाई तीव्रता दिनुपर्छ। विद्यालय शिक्षाको पाठ्यक्रममा विषादीको प्रयोगबाट हुने बेफाइदा तथा प्रयोग गर्न अपनाउनुपर्ने उपायहरु समावेश गरेर पठनपाठनको व्यवस्था मिलाउनुपर्छ। विषादीको उत्पादन तथा आयातलाई निरुत्साहित गर्नुपर्छ। नीति-निर्माणको तहमा हुनेहरुले विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै जैविक विषादीको उत्पादन तथा बिक्रीवितरण र उपयोगमा लाग्न किसानहरुलाई प्रोत्साहित गर्ने ऐनकानून तथा नीति-नियम बनाउनु आवश्यक छ। दश वर्षे आन्तरिक युद्धमा २० हजार बढी नेपाल आमाका छोराछोरी शहीद भए, बेपत्ता पारिए, तर विषादीयुक्त खाद्यान्नका कारण लाखौं मानिस हरेक दिन, हरेक समय मर्नु परिरहेको छ।

गृहयुद्ध वा द्वन्द्वभन्दा पनि विषादीयुक्त सागसब्जी मानवजातिका लागि बढी डरलाग्दो हुन्छ भन्ने सच्चाइलाई हामी सबैले आत्मसात गर्नु जरुरी छ। आफूले खाने एउटा र उपभोक्ताका लागि अलग तरकारी उत्पादन गर्ने परिपाटी बन्द हुनुपर्छ। परीक्षणका आधारमा जैविक विषादी प्रयोग गरी अर्ग्यानिक सागसब्जी उत्पादन गर्ने किसानलाई आर्थिक रुपमा प्रोत्साहित गर्दै त्यस्ता किसानको प्रतिष्ठा माथि उठाउने कार्यक्रम सञ्चालन गरिनुपर्छ। रासायनिक मलको विकल्प प्रांगारिक तथा कम्पोष्ट मल र रासायनिक विषादीको ठाउँमा जैविक विषादी हो। कुरोको चुरो भनेको अबको बाटो स्वदेशमै अर्ग्यानिक उत्पादन हो भन्ने सच्चाइलाई सबै पक्षले आत्मसात गर्न आवश्यक छ।

*tirthakharel2028@gmail.com*

# मंगलबार खण्डग्रास चन्द्रग्रहण



ज्यो. मधुसूदन रिजाल

असार ३१ गते मंगलबार (आषाढ शुक्ल) पूर्णिमाका दिन खण्डग्रास चन्द्रग्रहण लाग्नेछ। नेपाल पंचाग निर्णायक समितिका अनुसार ग्रहण राति १:४६ बजेदेखि शुरु भई ३:१५ बजे मध्य भई बिहानीपख ४:४५ बजे समाप्त हुनेछ। यो चन्द्रग्रहण धनु र मकर राशीमा लाग्ने भएकाले यी दुवै राशी हुनेलाई कष्टकर भनिएको छ।

त्यसैगरी मेष, वृष, मिथुन, सिंह, कन्या र वृश्चिक राशी हुने महानुभावले ग्रहण हेर्नु नहुने र कर्कट, तुला, कुम्भ र मीन राशी हुने महानुभावले चन्द्रग्रहण हेर्न मिल्ने फल ज्योतिष शास्त्रले बताएको छ। मंगलबार लाग्ने खण्डग्रास चन्द्रग्रहको ग्रहस्थिति ठीक एक सय ४९ वर्ष पहिले लागेको थियो। यो ग्रहण नेपाल लगायत एशियाबाट देख्न सकिने छ। सूर्यग्रहण लाग्नुभन्दा चार प्रहर र चन्द्रग्रहण लाग्नुभन्दा तीन प्रहर अगाडिदेखि बालक, वृद्ध वा अशक्त बाहेकलाई भोजन नगर्ने निर्देश दिइएको हुन्छ। यो मान्यता अनुसार चन्द्रग्रहण लाग्नुभन्दा नौ घण्टा अगाडि नै सुतक लाग्नेछ।

धार्मिक शास्त्र अनुसार मानिसले भोजन गुर्न हानिकारक मात्र होइन स्वास्थ्य प्रति प्रतिकूल समेत हुने बताइएको छ। यस्तोमा चन्द्रमामा पर्ने असरको सिधा रुप अन्नमा पर्ने भएकाले अन्न ग्रहण



नगर्नु जायज मानिँदै आएको छ। यतिमात्र होइन ग्रहणको बेला जप, हवन, देवपूजन तर्पण आदि गर्नाले मनोवाञ्छित फल पाइने बताइएको छ। ज्योतिषशास्त्रमा ग्रहण लागेको राशी र नक्षत्रलाई दोषयुक्त मान्दै ती राशी र नक्षत्रमा जन्मेकाहरूका व्यक्तिहरूलाई पीडा हुने बताइएको छ। यसैगरी ग्रहणको प्रकृति हेरी ग्रहण भएको दिनदेखि अघिल्ला र पछिल्ला केही दिनलाई शुभकार्यको लागि त्यागिन्छ।

ग्रहणको समयमा भोजनादि त्यागेर मनलाई एकत्रित गरी शुभकार्य मात्र गर्नु धार्मिक दृष्टिले मात्र नभई वैज्ञानिक दृष्टिले पनि उपयुक्त मान्न सकिन्छ। पृथ्वीले सूर्यलाई घुम्ने गति र चन्द्रमाले पृथ्वीलाई घुम्ने गति समान छैन। यही असमानता नै ग्रहण हुने कारण मानिन्छ। गतिको असमानताले गर्दा समयको संयोगले कुनै बखत यी पिण्डहरू एउटै सीधा रेखामा पर्छन्। फलस्वरूप कहिले पृथ्वीको छायाँ चन्द्रमामा र कहिले चन्द्रमाको छायाँ पृथ्वीमा पर्छ। यसरी छायाँ परेको अवस्था नै ग्रहणको अवस्था हो। पृथ्वीको छायाँ चन्द्रमामा पर्दा चन्द्रग्रहण र चन्द्रमाको छायाँ पृथ्वीमा पर्दा सूर्य ग्रहणको स्थिति सिर्जना हुन्छ।

पृथ्वीले सूर्यलाई र चन्द्रमाले पृथ्वीलाई परिक्रमा गर्ने क्रममा जब पृथ्वी सूर्य र चन्द्रमाको बीचमा आइपुग्छ, तब सूर्यको प्रकाशलाई पृथ्वीले छेकी दिन्छ। यस्तो अवस्थामा चन्द्रमामा पृथ्वीको छायाँ देखिन्छ। छायाँको यस्तो अवस्था नै चन्द्रग्रहण हो। चन्द्रमाको पूरै भाग छायाँले छोपेको अवस्थालाई खग्रास चन्द्रग्रहण र आधा वा केही भाग मात्र ढाकेको अवस्थालाई खण्डग्रास चन्द्रग्रहण भनिन्छ। चन्द्रग्रहण पूर्णिमा तिथिका दिन लाग्दछ। भने सूर्यग्रहण औंशीका दिन लाग्दछ प्रत्येक औंशी र पूर्णिमामा ग्रहण नलाग्नुको कारण बुझ्नु पनि सान्दर्भिक नै होला। सूर्यग्रहण हुन सूर्य र पृथ्वीको बीचमा चन्द्रमा परी तीनै पिण्डहरू एकै सीधा रेखामा परेको हुनुपर्छ, तर त्यतिले मात्र ग्रहण हुन सक्दैन।

पृथ्वी र चन्द्र कक्षहरू एउटा सतहमा नपरी ५ दशमलव १५ डिग्रीको कोण बनाएर ढल्किएका छन्। वर्षमा दुईवटा यस्ता अवसर आउँछन् जतिबेला चन्द्र कक्षका दुई आमनेसामनेका छेउहरू पृथ्वीको कक्षासित मेल खान्छन्। अर्थात् सूर्य र पृथ्वीसँगै एकै सरल रेखामा पर्छन्। यी मेल खाएका स्थानहरू सूर्य र पृथ्वीबीचमा पर्न आउँछन्। त्यसबेला ग्रहण हुन्छ। ज्योतिष शास्त्रका अनुशार जुन पूर्णिमा तिथिका दिन राहु अथवा केतुमा एक ग्रह चन्द्रमाको साथमा एकै राशीमा पर्न आउँछन् त्यसदिन चन्द्रग्रहण हुन्छ।

